आज मिति ०७४ साल भाद्र ३० गते शुक्रबार बिहान ८ बजे अर्जुनधारा नगरपालिकाको नगरस्तरीय राजस्व परामर्श समितिको बैठक अर्जुनधारा नगरपालिकाका नगरउपप्रमुख श्री कमला खतिवडा आचार्य ज्यूको अध्यक्षतामा तपशिल उपस्थितीमा बसी देहायानुसार विषयमा छलफल गरी निम्नानुसार निर्णयहरु गरियो।

उपस्थिती

१. नगर उपप्रमुख श्री कमला खतिवडा आचार्य- संयोजक
२. कार्यकारी अधिकृत, श्री राधाकृष्ण खतिवडा, सदस्य
३. न.का.स., श्री शकुन्तला बराल- सदस्य
४. न.का.स., श्री दिवनमान ढुंगी- सदस्य
५. उ.वा. संघ, सचिव, श्री चतुर्भुज काफ्ले- सदस्य
६. लेखा अधिकृत, श्री मदन कुमार पौडेल, सदस्य सचिव

आमन्त्रित

१. अ.स.इन्जिनियर, श्री हविरमण पोख्रेल.
२. खरिदार, श्री सौजन कटुवाल.

निर्णय नं. १. सटर भाडा सम्बन्धमा।

यस अर्जुनधारा नगरपालिकाको स्वामित्वमा शनिश्चरे बजारमा रहेका व्यवसायिक सटरका लागि साविक नगरपरिषद्ले पारित गरेका कोठा भाडा दररेट ~~का~~ सम्बन्धमा व्यवसायीहरु बाट पुनर्विचार गरियोस् भन्ने आशयको निवेदन आएकामा सो दररेटलाई चालु आ.व.मा निरन्तरता ~~लाई~~ दिई आगामी आ.व.मा नबढाउने भन्ने विषय नगर कार्यपालिकालाई सिफारिश गर्ने निर्णय गरियो।

निर्णय नं. २. नउठेका व्यवसाय कर सम्बन्धमा।

यस नगरपालिकाको आर्थिक विधेयक, २०७४ मा उल्लेख भएका तर हाल सम्म कार्यान्वयन हुन नसकेका व्यवसाय/ सेवा करहरुलाई उठाउन सम्भव भए सम्म पत्र लेखेर र सम्भव हुन नसक्ने क्षेत्रमा कुनै व्यक्ति, संघ संस्थालाई निश्चित प्रतिशत प्रोत्साहन दिएर उठाउने व्यवस्था मिलाउन नगर कार्यपालिकालाई सिफारिश गर्ने ~~भन्ने~~ निर्णय गरियो।

३. बहालकर सम्बन्धमा।

यस नगरपालिकाको स्वामित्वमा रहेका घरहरामा भाडा गरी बस्ने व्यापारीहरुले घर बहाल कर स्वयम् तिर्दै आएकोमा अब उप्रान्त उक्त बहाल कर नगरपालिकामै बुझाउने व्यवस्था मिलाउने ~~निर्णय गरियो~~ गरी नगरपालिका मार्फत सम्बन्धित ~~निकाय~~ निकायमा बुझाउने व्यवस्था मिलाउन नगर कार्यपालिका ~~बाट~~ लाई सिफारिश गर्ने निर्णय गरियो।

४. एकिकृत सम्पत्ति कर सम्बन्धमा।

यस नगरपालिकाले हाल: जग्गाको मालपोत र घर धुरी कर अलग अलग असुल गरिरहेकोमा नगरपालिकाको दिगो आम्दानी को स्रोतको रुपमा रहेको एकिकृत सम्पत्ति कर आगामी आ.व. ०६५/०६६ देखी लगाउने व्यवस्था मिलाउन सो को सम्भाव्यता अध्ययन गर्न विज्ञ सहितको टोली निर्माण गर्ने, वडास्तरीय छलफल कार्यक्रम गरी वृहत छलफल गर्ने विषय नगर कार्यपालिकामा सिफारिश गर्ने निर्णय गरियो।